ネパール語

# माइनम्बर कार्ड लिन आएका व्यक्तिहरूका लागि

## आवश्यक कागजातहरू

- परिचय पत्र (जस्तै: रेजिडेन्स कार्ड वा पासपोर्ट)
- नाका वार्ड बाट प्राप्त हुर्केको ह्यागाकी (पोष्टकार्ड)
- प्राप्त–प्रमाणपत्र मा (नाम र फोन नम्बर लेखेर ल्याउनुहोस्)
- पुरानो माइनम्बर कार्ड (छ भने मात्र)



## कार्ड प्राप्त गर्ने प्रक्रिया

**STEP1** तपाईंको नम्बर बोलाएपछि काउन्टर मा व्यक्तिगत परिचयपत्र र प्राप्त–प्रमाणपत्र पेश गर्नुहोस्।

**STEP2** यदि तपाईंले कार्ड प्राप्त गर्ने पूर्व–आरक्षण(reservation) गर्नुभएको छ भने, तुरुन्तै कार्ड दिन सकिन्छ। पूर्व–आरक्षण(reservation) नगरेको अवस्थामा, कार्ड ल्याउन समय लाग्न सक्छ। तयार भएपछि फेरि तपाईंलाई पहिलेकै नम्बरवाट बोलाइनेछ, कृपया पर्खनुहोस्।

**STEP3** कार्ड दिनुअघि, दुईवटा पासवर्ड सेट गर्नु आवश्यक हुन्छ।
चार अंकको संख्या (pin number)र अल्फाबेट (ठूलो अक्षर) र संख्या मिलाएर बनाइएको कम्तिमा ६ अंकको पासवर्ड पासवर्ड सेट भएपछि कार्ड प्रदान गरिनेछ।

**※ १५ वर्ष मुनिका बच्चाहरू वा अनुरोध नगरेकाहरूले दोस्रो (६+ अंके) पासवर्ड सेट गर्न आवश्यक हुँदैन। १५ वर्ष वा सो भन्दा माथिको उमेरका व्यक्तिहरू जसले आवेदन गर्दा अनुरोध नगरेका थिए तर अब पासवर्ड सेट गर्न चाहनुहुन्छ भने, कृपया काउन्टर जानकारी दिनुहोस्।**

# रेजिडेन्स कार्ड बसाई अवधिसँग सम्बन्धित माइनम्बर कार्डको बसाइ अवधि लम्बाउन का लागि आएका व्यक्तिहरूका लागि

## आवश्यक कागजातहरू

- परिचय पत्र रेजिडेन्स कार्ड (रेजिडेन्स कार्ड वा पासपोर्ट)
- नविकरण आवेदन फारम (नाम र फोन नम्बर लगायत लेखेर ल्याउनुहोस्)

## बसाइ अवधि लम्बाउने प्रक्रिया

**STEP1** तपाईंको नम्बर बोलाएपछि, परिचय पत्र रआवेदन फारम काउन्टर पेश गर्नुहोस्।

**STEP2** कार्डको बसाइ अवधि लम्बाए पछि, दुईवटा पासवर्ड (चार अंकको संख्या (pin number) र अल्फाबेट (ठूलो अक्षर) र संख्या कोपासवर्ड ) को बसाइ अवधि पनि लम्बाइने छ।
पासवर्ड भुलेको अवस्थामा काउन्टरमा जानकारी दिनुहोस्।

### ध्यान दिनु पर्ने कुरा

अध्यागमन ब्यूरो(immigration)बाट रेसिडेन्ट कार्डको बसाइ अवधि विस्तार गरेकै दिनमा
वडा कार्यालयमा आए पनि, अध्यागमन ब्यूरो(immigration)बाट वडा कार्यालयमा डेटा
नपुग्ने नहुनाले माई नम्बर कार्ड को प्रक्रिया गर्न सकिँदैन। कृपया दुई दिनपछि (तेŷ दिनदेखि) आउनुहोस्। तर माइनम्बरकार्ड को म्याद सकिनु अगावैआनुहोस। माइनम्बरकार्ड को
म्याद सकिनु अगावै प्रक्रिया नगरे कार्ड नचल्न या म्याद सकिनै हुन सक्छ।

# माइनम्बर कार्डको आवेदन फरम बनाउन आएका व्यक्तिहरूका लागि

## आवश्यक कागजातहरू

- परिचय पत्र (रेजिडेन्स कार्ड वा पासपोर्ट)
- आवेदन फाराम जारी गर्ने फारम (नाम, ठेगाना, जन्म मिति, फोन नम्बर लेखेर ल्याउनुहोस्)
- यदि बिसाइको म्याद सकिएको कार्ड छ भने (पहिलो पटकबनाउने वा कार्ड हराएको अवस्थामा आवश्यक छैन)

## आवेदन फाराम प्राप्त गर्ने देखि बुझाउने सम्मको प्रक्रिया

**STEP1** तपाईंको नम्बर बोलाइएपछि, परिचय पत्र र र आवेदन फारम काउन्टरमा पेश गर्नुहोस्।

**STEP2** कार्ड पहिलो पटक बनाउँदै हुनुहुन्छ वा पहिले बनाउनु भएको हो—काउन्टर मा
जानकारी दिनुहोस्। यदि कार्ड हराएको वा म्याद सकिएको का कारण पुन: जारी गर्दैछ
भने, कार्ड प्राप्त गर्दा पुन: जारी शुल्क ¥1,000 लाग्नेछ।

**STEP3** आवेदन फाराम तयार हुन केही समय लाग्न सक्छ। तयार भएपछि पुन: तपाईंको नम्बर बाटबोलाइनेछ, कृपया पर्खनुहोस्।

**STEP4** आवेदन फाराम पाएपछि, तपाईंले आफैं आवेदन गर्नुहुनेछ। आवेदन दुई तरिकाले गर्न
सकिन्छ: •आवेदन फाराममा फोटो टाँस्नुहोस् र कालोबक्स भित्र लेखेर हुलाक मार्फत पठाउनुहोस्। •आवेदन फारामको दायाँ तलको २D कोड स्क्यान गरी वेबसाइटमार्फत आवेदन गर्नुहोस्।

**STEP5** यदि तपाईंको आवेदन पूरा भयो र कुनै गल्तिहरु छैनन् भने, तपाईंको कार्ड लगभग एक महिनामा तपाईंको वडा कार्यालयमा आइपुग्नेछ। वडा कार्यालयका कर्मचारीहरूले तपाईंको कार्डको लागि प्रारम्भिक सेटिङहरू पूरा गरेपछि, तपाईंलाई तपाईंको कार्ड लिनको लागि पोस्टकार्ड पठाउनेछन्। पोस्टकार्ड प्राप्त गरेपछि, आफ्नो कार्ड लिन आउनुहोस्। कार्ड लिनको लागि तपाईं आरक्षण(reservation) पनि गर्न सक्नुहुन्छ।